# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

## नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०२/०९)**

सिद्धलेक गाउँपालिकामा नगर प्रहरी सेवा संचालनको लागि नगर प्रहरी करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८१ जेष्ठ २३) भित्र दिनको ५:०० बजेसम्म राजस्व तिरेको रसिद सहीत यस कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा कार्यालयको वेबसाइट www.siddhalekmun.gov.np बाट उपलब्ध हुनेछ । कार्यअनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ । दरखास्त फारम यस कार्यालयमा प्रत्यक्षरुपमा वा ई-मेल siddhalekhruralmun@gmail.com मार्फत पेश गर्न सकिनेछ ।

| क्र. सं. | विज्ञापन नं. | पद | माग संख्या | परीक्षाको किसिम | आवेदन दस्तुर रु. | शैक्षिक योग्यता | पारिश्रमिक |
|---|---|---|---|---|---|---|---|
| १. | ७/२०८०/०८१ | नगर प्रहरी सहायक निरिक्षक | १ (एक) | शारिरिक तन्दुरुस्ती परिक्षण, लिखित परिक्षा र अन्तर्वार्ता | ४०० | कम्तिमा एस एल सी वा सो सरह | सिद्धलेक गाउँपालिकाको प्रहरी नियमावली बमोजिम । |
| २. | ८/२०८०/०८१ | नगर प्रहरी हवल्दार | १ (एक) | | ३०० | कम्तिमा ८ कक्षा उत्तिर्ण | |
| ३ | ९/२०८०/०८१ | नगर प्रहरी जवान | २ (दुई) | | २०० | | |
| ४ | १०/२०८०/०८१ | नगर प्रहरी जवान (महिला) | १ (एक) | | २०० | | |

**योग्यताः-**

दरखास्त फारम भर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेका नेपाली नागरिक (तर यस अघि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत्त भएकाको हकमा भने ४१ बर्ष ननाघेको), नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको, कुनै राजनीतिक दल वा दलको भातृ संगठनको सदस्य नरहेको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको, महिलाहरुको लागि न्युनतम ५ फिट र पुरुषको लागि न्युनतम ५ फिट २ इन्च उचाई भएको, छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको, पुरुषको हकमा न्युनतम तौल ५० के. जी. भएको र महिलाको हकमा तौल न्युनतम ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको, स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, विध्वंसात्मक कार्यमा संलग्न नभएको, भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

**दरखास्तसाथ संलग्न गर्नुपर्ने:**

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रतिलिपी (भएमा) तथा पासपोर्ट आकारको दुई प्रति फोटो संलग्न हुनुपर्नेछ ।

**परिक्षा तालिकाः-** सम्पर्क मितिमा सार्वजनिक गरिनेछ ।

**सम्पर्क मिति:** २०८१/०२/२४ ।

**सम्पर्क:** सिद्धलेक गाउँपालिकामा (९८५१३१३५५३)

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner